भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या : ०८२/८३
चलानी नं. : ४३०

बागमती प्रदेश, नेपाल
मिति: २०८२/०५/२७

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

तेस्रो पटक प्रकाशित

श्री जो जससँग सम्बन्धित छ ।

उपर्युक्त सम्बन्धमा दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. १ स्थित क्षमावती माध्यमिक विद्यालय, सुष्पाक्षमावती, दोलखामा रिक्त रहेको निम्न माध्यमिक तह अङ्ग्रेजी विषयको शिक्षक पद १ (एक) मा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी पुन: विद्यालयको चलानी नम्बर ४१-२०८२/८३, मिति २०८२/०५/२७ को पत्रबाट अनुरोध भई आएको हुँदा सम्बन्धित तह र विषयका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र जिल्लान्तर सरुवाको हकमा शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिनका लागि शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको लागि जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

.....
विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

पुनश्च :

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना kshamawatiss2005@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिने छ ।
२. म्याद नाघी वा तोकिए बमोजिम रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।
३. सम्पर्कमा लागि -९८४३८१८७८३(प्रधानाध्यापक)

बोधार्थ :

१. श्री शिक्षा विकास तथा समन्वय इकाई, दोलखा
२. श्री क्षमावती माध्यमिक विद्यालय भीनपा-१, सुष्पाक्षमावती, दोलखा -मुचुल्का गरी सूचना टाँस गर्नुहुन ।
३. श्री सूचना प्रविधि शाखा, भीमेश्वर नगरपालिका- सूचना website मा प्रविष्ट गरिदिनुहुन ।